प्रतिवेदन

परवानीपुर गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

लिपनीमाल, बारा

सार्वजनिक सुनुवाई

आर्थिक बर्ष २०७८/०७९

१. पहिलो कार्यक्रम
मितिः २०६९/०३/१९ आइतवार
समयः बिहान ८ बजेदेखि
स्थानः वडा नं.४ को कार्यालय अगाडि चैनपुर ।

२. दोस्रो कार्यक्रम
मितिः २०६९/०३/२० सोमवार
समयः बिहान ८ बजेदेखि
स्थानः वडा नं. ३ लिपनी बजारमा

१. पृष्टभुमी तथा परिचय

१.१ परवानीपुर गाउँपालिका, बाराको पृष्टभुमीः हाल नेपालको सबभन्दा सानो गाउँपालिका परवानीपुर गाउँपालिका हो । परवानीपुर गाउँपालिका मधेस प्रदेशको बारा जिल्लाभित्र पर्छ । यस गाउँपालिकाको क्षेत्रफल १५.४८ वर्ग कि.मि. रहेको छ । यहाँको जनसंख्या २२,७८७ छ । जम्मा ५ वटा वडाहरु रहेको यस गाउँपालिकामा साबिकका गाउँ बिकास समितिहरु बहुअरी, लिपनीमाल, रामपुर टोकनी र बुनियाद समावेश रहेका छन् । बुनियादसहित ५.४६ बर्ग किलोमिटर क्षेत्र भएको वडा न. १ मा ५ हजार ६ सय ५१ रामपुर टोकनीसहित ३.९७ बर्ग किलोमिटर क्षेत्र भएको वडा न.२ मा ४ हजार २ सय ९०, लिपनीमाल सहित १.७६ बर्ग किलोमिटर क्षेत्र भएको वडा न. ३ मा ४ हजार १ सय ७७, चैनपुर वितासहित १.५७ बर्ग किलोमिटर क्षेत्र भएको वडा न. ४ मा ३ हजार ७ सय ०४ र बहुअरीसहित २.७२ बर्ग किलोमिटर क्षेत्र भएको वडा न. ५ मा ४ हजार ९ सय ६५ जनसंख्याको बसोवास रहेको छ । यस गाउँपालिकाको केन्द्र लिपनीमालमा रहेको छ । आगामी आर्थिक वर्षको सुरुमैं गाउँपालिकाको आफ्नै स्वामित्वको भवनमा गाउँ कार्यपालिकाको कार्यलय संचालन गर्न मिल्ने गरी भौतिक संरक्षना निर्माणको चरणमा छ ।



नक्सा सौजन्यः https://mofaga.gov.np

कृषीप्रधान जिल्लाको रुपमा परिचित बाराभित्र पर्ने २ उप-महानगरपालिका, ५ नगरपालिका र ९ वटा गाउँपालिका गरी १६ वटा स्थानीय तहका पालिकामध्ये परवानीपुर गाउँपालिका साँस्कृतिक, धर्मिक र सामुदायिक बिविधतायुक्त एउटा पालिका हो । जिल्लाको पश्चिममा रहेको यो गाउँपालिका पर्सा बारा औद्योगिक क्षेत्रको हिस्सा पनि हो । औद्योगिक हिसाबले यसले देशमैं महत्व राख्दछ । यहाँ कृषी, पशुपालन, माछापालनका साँथै हाँस-कुखुर, परेवाजस्ता घरपालुवा पंछीपालनको आधारमा यहाँको परम्परागत आर्थिक ब्यवस्था रहेको पाइन्छ । बिभिन्न रोजगारी, साना ब्यवसाय, बैदेशिक रोजगारी तथा जागिरजस्ता ब्यवस्थित आर्थिक स्रोत पनि स्थानीयले

अपनाएको पाइन्छ । धानबाली, गहुँबाली, दलहन, तेलहन, मकै र तरकारी यहाँका मुख्य कृषी उपज हुन ।

नयाँ संबिधान जारी भएपछि राज्यको पुर्नसंरचना हुने क्रममा राजपत्रमा प्रकाशित भइ यस गाउँपालिकाको संरचना गठन भएको हो । देशको सबभन्दा बढी पारवहन चल्ने त्रिभुवन राजपथको छेउमा रहेको परवानीपुर गाउँपालिकाको पुर्व तथा दक्षिणमा बाराकै प्रसौनी गाउँपालिका, उत्तरमा जितपुर सिमरा उपमहानगरपालिका र दक्षिण-पश्चिममा पर्सा जिल्लाको सदरमुकाम तथा मुलुककै प्रमुख ब्यपारिक नगरको रुपमा रहेको यस प्रदेशको एकमात्र महानगरपालिका वीरगन्ज पर्दछ । यसरी अवस्थितीको हिसाबले परवानीपुर गाउँपालिका एउटा सुगम, औद्योगिक र कृषीमा आधारित आर्थिक प्रणाली भएको सम्भावनायुक्त क्षेत्र हो । यहाँ कृषी उपजको लागि बजारको कमी छैन । शिक्षाको लागि यहाँ रहेका सामुदायिक विद्यालय तथा संस्थागत विद्यालय बाहेक वीरगन्ज महानगरपालिका र जितपुर सिमरा उपमहानगरपालिकाका शैक्षिक संस्थाहरु पायेक छन । स्वास्थ्य सेवाको लागि यहाँ रहेका सरकारी स्वास्थ्य संस्थाबाहेक वीरगन्ज महानगरपालिका र जितपुर सिमर उपमहानगरपालिकाका सरकारी तथा निजी स्वास्थ्य सेवा प्रदायक ठुला संस्थाहरु रहेका छन । यति हुदाहुदै पनि यहाँ रोजगारीको समस्या छ । यहाँ रहेका दर्जनौं उद्योगमा अगुवा, पहुँचवाला र शक्तिवाला निश्चित ब्यक्तिहरुले लाभ लिने गरे पनि आम जनतामा रोजगारीको लागि अवसर बन्न सकेको छैन ।

शिक्षामा स्थानीयबासीको असन्तोष छ । स्वास्थ्य सेवाका लागि बाहिर जानुपर्ने बाध्यता रहेको स्थानीयको भोगाई छ । दक्षिण, पश्चिममा रहेको वीरगन्ज महानगरपालिका र उत्तरमा रहेको जितपुर सिमरा उपमहानगपालिकाको तुलनामा यहाँका बजार र बस्तीको सरसफाईको अवस्था कमजोर रहेको पाइन्छ । यसरी आपार संभावना भएर पनि त्यसको उपयोग गर्न पछि परेको परवानीपुर गाउँपालिकामा हाल दोस्रो स्थानीय तह निर्वाचनबाट निर्वाचित गाउँ कार्यपालिका र गाउँसभा अहिले बहालमा छ । गाउँपालिकाका अध्यक्ष रामक्षेत्री पटेल र उपाध्यक्ष सुगान्धी देवी कनुइन जनप्रतिनिधिहरुको नेतृत्वमा हुनुहुन्छ । त्यसैगरी गाउँपालिकाको राष्ट्रसेवक कर्मचारीको नेतृत्वमा मुन्ना साह रौनियार प्रमुख प्रशासकीय अधिकृतको पदमा बहाल हुनुहुन्छ ।

१.२. सार्वजनिक सुनुवाईको परिचयः

स्थानीय तहले प्रदान गर्ने सेवा सुविधाको सन्दर्भमा स्थानीय निकायका पदाधिकारीहरु तथा सरोकारवाला नागरिक बीच सार्वजनिक रुपमा गरिने खुला छलफल नै सार्वजनिक सुनुवाई हो । यस किसिमको छलफलले शासन सञ्चालनमा पारदर्शिता, नेतृत्वमा जवाफदेहिता र सार्वजनिक चाँसोका बिषयमा आम नागरिकहरुको सूचनामा पहुँचलाई मजबुत बनाउनुका साथै सार्वजनिक सेवा, वस्तु र निर्णय प्रकृयामा आम नागरिकको सहभागितालाई प्रवर्द्धन गर्दछ । कार्यालयबाट सम्पादित भएका काम र सेवाहरुको बारेमा सेवाग्राही तथा लक्षित बर्गको पृष्टपोषण लिएर सेवाको गुणस्तर तथा प्रवाहलाई मुलयांकन गरिन्छ । यसले सेवाप्रदायक निकायलाई उतरदायि र जिम्मेवार बनाउन मद्दत गर्नुका साँथै आगामी काम कारवाही चुस्त, दुरुस्त र प्रभावकारी बनाउन सहयोग पुर्याउछ ।

२. कार्यक्रमको औचित्यः

सार्वजनिक सुनुवाईबाट सार्वजनिक सेवा र विकास निर्माणका कृयाकलापहरु जनअपेक्षा बमोजिम सञ्चालन गर्ने संस्कारको विकास गर्न समेत टेवा पुग्दछ । सार्वजनिक सुनुवाईले जिम्मेवार पदाधिकारीहरुलाई सार्वजनिक वस्तु, सेवा र सुविधाको बारेमा सेवाग्राहीबाट पृष्ठपोषण प्राप्त गर्ने अवसर प्रदान गरी कमी कमजोरीहरु सच्याउन मद्दत गर्दछ । यसरी सार्वजनिक सुनुवाईले जिम्मेवार पदाधिकारीलाई निरन्तर नागरिकप्रति जवाफदेही हुन र पारदर्शी रुपमा शासन सञ्चालन गर्न समेत उत्साहित गर्दछ । सार्वजनिक सुनुवाईमा सार्वजनिक चाँसोका

बिषयमा जिम्मेवार पदाधिकारी तथा सेवाग्राही बीच प्रश्नोत्तर हुनुका साथै सेवाग्राहीले सार्वजनिक वस्तु, सेवा र सुविधा प्रवाहमा आगामी दिनमा अपेक्षा गरेका सुधारहरु समेत प्रष्फुटित हुने र जिम्मेवार जनप्रतिनिधि तथा कर्मचारी बर्गबाट उक्त सुधारहरु हासिल गर्ने संभावनाहरुको बारेमा जानकारी प्रदान गर्ने प्रकृयाबाट सुधारका प्रतिवद्धताहरु समेत तयार हुन्छ । यसरी तयार भएको प्रतिवद्धता कार्यान्वयनबाट निरन्तर सुधारको अपेक्षा गरिन्छ ।

३. कार्यक्रमको उद्धेश्यः

- सेवाग्राही र लक्षित जनताले उठाएका प्रश्नहरुमा स्पष्टता ल्याउने
- नागरिकवाट प्राप्त रचनात्मक सुझावलाई ग्रहण गर्ने ।
- जवाफदेही संस्कार बस्ने । र, जनस्तरबाट पृष्टपोषण प्राप्त हुने ।
- गाउँपालिकाको नीति तथा कार्यक्रम कार्यन्यवनको अवस्था मुल्यांकन हुने ।

४. विधि तथा प्रक्रियाः

(क) समन्वय तथा प्रचारप्रसारः

यस गाउँपालिका जनप्रतिनिधि र प्रमुख प्रसाशकीय अधिकृत तथा कर्मचारी बर्गसँग समन्वय गर्दै कार्यक्रमको पूर्व तयारी गरियो । उहाँहरुकै सल्लाह अनुसार कार्यक्रमको मिति, स्थान र समय निर्धारण गरियो । सार्वजनिक सुनुवाईलाई प्रभावकारी बनाउनका लागि स्थानीय स्तरमा सुचना प्रवाह, प्रचार प्रसार तथा पत्राचार गरियो । कार्यक्रमको सुचना आवाज एफ.एम ८८ मेगाहर्ज रेडियोबाट समेत आम संचार गरियो । यस प्रतिवेदनको अनुसूची १ अनुसार सूचना गाउँ कार्यपालिकाको कार्यालय र वडा समितिका कार्यालयहरुमा टाँस गरियो । अनुसूच २ अनुसारका पत्र गाउँपालिकाका जनप्रतिनिधिहरुलाई प्रदा नगरियो ।

(ख) सुनुवाईः

निर्वाचित जनप्रतिनिधि गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्षहरु, गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत र बिषयगत शाखाका प्रमुखहरुलाई राखेर स्थानीय जनतामाझ सार्वजनिक सुनुवाई सम्पन्न गरियो । कार्यक्रमलाई आवाज एफ.एम ८८ मेगाहर्ज रेडियोबाट प्रत्यक्ष प्रसारणसमेत गरियो ।

(ग) बहिर्गमन अभिमतः यस नगरपालिका कार्यालयबाट सेवा, वस्तु तथा सुविधा प्राप्त गरी बाहिरिएका नागरिक मध्येबाट 'आकस्मिक नमुना छनौट विधि' प्रयोग गरी, गाउँ कार्यपालिकाको कार्यालय तथा वडा कार्यालयहरुबाट सेवा लिएर निस्किएका ५० जनाको मत बहिर्गमन अभिमत सूचनाको रुपमा संकलन गरियो । त्यसरी संकलित अभिमतको नतिजा सार्वजनिक सुनुवाइ कार्यक्रममा प्रस्तुत गरियो । यसरी बहिर्गमन अभिमतका लागि छनौटमा परी अभिमत दिनेलाई सार्वजनिक सुनुवाईमा भाग लिन निमन्त्रणा समेत गरिएको थियो ।

(घ) नागरिक प्रतिवेदनः नगरिक प्रतिवेदन फारामको प्रयोग गरी यस गाउँपालिकाभित्र बाट ५० जना सेवाग्राहीबाट सूचना संकलन गरियो । नागरिक प्रतिवेदनमा दलित, जनजाति, बालबालिका, महिला एवम् पिछडिएका वर्गको प्रतिनिधित्व हुने गरी गरिएको थियो । संकलित सूचनाको विश्लेषणलाई सार्वजनिक सुनुवाईमा प्रस्तुत गरियो । नागरिक प्रतिवेदनमा भाग लिएका उत्तरदातालाई समेत कार्यक्रममा भाग लिन निमन्त्रणा गरिएको थियो ।

(ङ) नागरिक वडापत्रः नागरिक वडापत्र अनुसार सार्वजनिक सेवा प्रवाह सम्बन्धि अध्ययन गर्दै नागरिक वडापत्रमा उल्लेख गरिएको समय तालिका अनुसार सेवा प्रवाह भए/नभएको एकिन गरी त्यसबाट प्राप्त नतिजालाई सार्वजानिक सुनुवाईमा प्रस्तुत गरियो ।

५. सार्वजनिक सुनुवाई कार्यक्रमः परवानीपुर गाउँपालिकाको दुई वटा सार्वजनिक सुनुवाई बिभिन्न दुई वटा कार्यक्रम निम अनुसार आयोजन गरी बिधिसम्मत सम्पन्न गरियो ।

१. पहिलो कार्यक्रम
मितिः २०६९/०३/१९ आइतवार
समयः बिहान ८ बजेदेखि
स्थानः वडा नं.४ को कार्यालय अगाडि चैनपुर ।

२. दोस्रो कार्यक्रम
मितिः २०६९/०३/२० सोमवार
समयः बिहान ८ बजेदेखि
स्थानः वडा नं. ३ लिपनी बजारमा

परवानीपुर-४ चैनपुरमा आयोजित कार्यक्रम

परवानीपुर-३ लिपनीमालमा आयोजित कार्यक्रम

पहिलो

सार्वजनिक सुनुवाई

२०७९, असार १९ आइतवार

स्थानः- परवानीपुर गाउँपालिका वडा नं. ४

आयोजक

परवानीपुर गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

बारा, मधेश प्रदेश

संयोजन

सहयोगी नेपाल

www.sahyogi.org.np

६. पहिलो सार्वजनिक सुनुवाई,

बाराको परवानीपुर गाउँपालीका वडा नं ४ चैनपुर टोलमा २०६९/०३/१९ आइतबारका दिन सार्वजनिक सुनुवाई कार्यक्रम समपन्न भयो । परवानीपुर गाउँपालीकाको आयोजना र सहयोगी नेपालको संयोजनमा कार्यक्रम समपन्न भयो । परवानीपुर गाउँपालिका वडा नं. ४ का वडा अध्यक्ष गम्भिरा राउत कुर्मीको अध्यक्षतामा र गाउँपालिका अध्यक्ष रामक्षत्री प्रसाद कुर्मिको प्रमुख आतिथ्यमा कार्यक्रम सम्पन्न भयो । कार्यक्रममा गाउँपालिका कि उपाध्यक्ष सुगान्धी देवी कनुइन, वार्ड नम्बर ५ का अध्यक्ष रामेश्वर साह कलवार र कार्यपालिका सदस्यहरुको उपस्थिती थियो । कार्यक्रममा वडा नं ४ र ५ का स्थानीयहरुले नवर्निवाचित जनप्रतिनिधिलाई आ आफ्नो गुनासो राखेका थिए ।

खासगरी स्थानीले किसानको लागी मल, खाद, स्वास्थ्य, शिक्षा, बेरोजगारी, सरसफाई, खेलकुद, सडक, नाला लगायतका आधारभुत समस्यालाई उठाएका थिए । उनीहरुले निर्वाचित जनप्रतिनिधीलाई निर्वाचनमा गरिएका वाचाहरुलाई पुरा गर्न र जनतामुखी काम गर्न आग्रह गरेका थिए । जनताको गुनासोलाई आत्मसात गर्दै गाउँपालीका अध्यक्ष रामक्षत्री प्रसाद पटेलले आफु जनताको सेवकको रुपमा काम गर्दै आएको र आफुले निर्वाचनमा वाचा गरेका कुराहरु पुरा गरेर देखाउने प्रतिबद्धता जनाउनु भयो । कार्यक्रमका प्रमुख अतिथी समेत रहनुभएका अध्यक्ष कुर्मीले यहा उठेका जन गुनासोलाई आफनो टिमले पुरा गरेर देखाउने

बताए । उनले बार्यक्रममा भाग लिएका वडा नं. ४ र ५ का स्थानीयलाई आफनो गुनासो राखिदिएकोमा धन्यबाद दिए ।

यसैगरी गाउँपालीकाका प्रमुख प्रशासकिय अधिकृत मुन्ना साह रौनीयारले यस्ता कार्यक्रमहरु हरेक वडामा आयोजना गरिने बताउनु भयो । उहाँले आजको कार्यक्रममा उठेका बिषयलाई सुधार गर्दै गाउँपालीकाको बिकास गर्ने जनाउनु भयो । कार्यक्रममा सहभागि नेकपा एमालेका मधेश प्रदेश कमिटी सदस्य उमेश गुप्ताले गाउँपालिकाले आयोजना गरेको सार्वजनिक सुनवाई कार्यक्रम सराहनीय रहेको र यस्ता कार्यक्रमबाट यहाँको जनप्रतिनिधि र प्रमुख राजनीतिक दलले जनताका कुराहरु जान्न पाउने धेरै कुरा सिक्ने बताउनु भयो । गुप्ताले सबै मिलेर यस पालिकाको शिक्षा, स्वास्थ, रोजगारी लगायतका समस्यालाई समाधान गर्नुपर्ने कुरामा जोड दिनु भयो । स्थानीय जनता र पालिकाका कर्मचारी लगायतको सहभागिता रहेको थियो । नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य के.सी. लामिछानेले बहिर्गमन अभिमत र नागरिक प्रतिवेदन प्रस्तुत गर्नु भएको थियो । पत्रकार रितेश त्रिपाठीले कार्यक्रम सहजीकरण गर्नु भएको थियो । खुल्ला छलफलमा स्थानीय जनता तथा नागरिक समाजको तर्फबाट १५ जनाले आफ्नो जिज्ञासा र सुझावहरु राखेका थिए ।

६.१ नगरिकका प्रतिक्रियाः

परवानीपुर गाउँपालिकाको वाड नम्बर ४ चैनपुर टोलमा आयोजित सार्वजनिक सुनुवाईमा सहभागि सर्वसधारणबाट प्राप्त सवाल, जिज्ञासा, सुझाव र सल्लाहहरु निम्न अनुसार रहेका छन् ।

नाम	सवाल/जिज्ञासा/सुझाव/सल्लाह
मदन महतो कोइरी वडा नं ४	मेरो जग्गा नालीमा परेकोले २०/३० हजारको तरकारी वाली नष्ट भयो । नालीको पानीको निकास मिल्ने गरी काम हुन्छ की हुदैन । नालाको निकास निकालीन्छ की नाई ? अनी धाराको बिषयमा किन झगडा भएको हो ? कसैको घरमा दुईवटा कसैकोमा ३ वटा कसैले नपाउने कुरा मिलेन प्रमुख र वडाध्यक्षले मिलेर सर्वेक्षण गरेर धाराका जडान किन नगर्ने ?
सन्तोष साह वडा नं ४	बाटो एकतर्फी किन बनाउन खोजीदैछ ? म जग्गा दिन तयार छु । तर नाप नक्सा गरीदिनुस, किला खुटा गाडी दिनुस म दुई चार वटा रुख काट्न पनि तयार छु । तर असम्बन्धीत मान्छे झगडा गर्न आउदा गम्भिरा पटेलले किन समाधान गर्नु भएन
उदेश कुमार पटेल वडा नं ४	गाउँपालिकामा ट्र्याक्टर छ तर संचालन भएको छैन । त्यसलाई संचालन गरेर फोहर किन ब्यवस्थापन नगरेको ? शौचालय सफ ागर्नकालागि सेफ्टी टंयाकीको ब्यवस्थापन गर्ने बिषयमा गाउँपालिकाको नीति के छ ?
हाकीम देवान वडा नं ४	पुरानो बाटो जस्ताको तस्तै छ । नयँवस्ती बिकास भएको ठाउँमा बाटो ढलान भयो हाम्रोमा बाटो ढलान किन नभएको होला
सिकन्दर साह तेली वडा नं ४	बिकासको कुरा त छदैछ, जनप्रतिनिधिले मलखादको ब्यवस्था गरुन ताकी किसानले खुशी महशुस गर्न सकुन । अहिले मल खादको हाहाकार छ । पालिकाबाट यस विषयमा के हुन सक्छ, गर्नु पर्यो । ण
गफुर मिया लिपनीमाल ४	अहिलेका जनप्रतिनिधिले पार्टीगत ब्यवहार गर्छन की जनताको हितहुने गरी काम गर्छन ? ब्यक्तिगत स्वार्थ पार्टीगत सोंचबाट माथी उठेर जनप्रतिनिधहरुले काम गरुन । जनताको पक्षमा काम गरेर देखाउन ।

जयप्रकाश साह वडा ४	यो कार्यक्रम भएको ठाउमा ३ बिगाह ४ कठा ५ धुर जग्गा छ । यो जग्गालाई आर्थिक उपार्जन हेतु उपयोग गर्ने बिषयमा गाउँपालिकाले कस्तो नीति लिने छ ? राष्ट्रिय राजमार्गको छेउमा रहेको यो बहुमुल्य जग्गालाई स्थानीयको आर्थिक बिकासमा टेवा पुग्ने संरचना बनोस ।
मुकेन्द्र पटेल वडा नं ४	परवानीपुर गाउँपालिकामा बेरोजगारीको समस्या छ । जती बढी उधोग र कलकारखाना उती बढी बेरोजगारी छ । यो समस्या हल गर्न गाउपालिकाले पहल लिन्छ की नाई ?
शंकर राम रामटोल ४	एक दुई जनाको बसोबास भएको ठाउँमा नाला छ ढलान छ तर ढेड सयभन्दा बढीको बसोबास रहेको दलीत बस्ती रामटोलमा नाला र ढलान सडक किन नबनेको हो ?
सुनिल राम वडा नं ४	नेपाल राष्ट्रीय आधारभूत बिद्यालयमा १ सय १० जना बिद्यार्थी एउटा कक्षमा पढछन त्यहा शिक्षकको अभाव छ । शिक्षक आपूर्ती कहिले हुन्छ ? बिद्यालयमा ब्यवस्थापन समिति छैन यो कहिले बन्छ ? पठन पाठन सन्तोषजनक छैन त्यसमा सुधारको लागि के पहल हुन्छ ?
प्रदीप कुमार महतो वडा नं ४	मर्निङ वाक गर्ने स्थानको निर्माणमा गाउँपालिकाको नीति छ की छैन । यो स्वास्थ्यका लागि जरुरी छ । त्यसतै अश्लिल गाना नियन्त्रणमा ध्यान पुर्याउन माँग गर्दछु ।
आनन्द पटेल वडा नं ५ बहुवरी	हरेक वार्डमा सुझाव पेटीका छ की छैन ? पालिका स्तरमा किन खेलकुद प्रतियोगिताहरु संचालन हुदैनन ? एम्बुलेन्स, जेसीवी र टिपर किन संचालन भएका छैनन ? सार्वजनीक जग्गाको संरक्षणमा गाउँपालिकाको ध्यान कहिले जान्छ ? बहुवरीको बिद्यालयको समस्या किन हल नगरिएको हो ? कोभिडको पैसा किन बाडिएन ? गाउँपालिकाको आय ब्यय सार्वजनीक गर्नुहुन्छ की नाई ?
अन्य जनसवाल	नजिकै राजमार्ग पारी रहेको गाउँ सुखचैनामा भएको विद्यालयमा दिवा खाजा चल्छ हाम्रो विद्यालयमा किन चल्दैन ? त्यसतै कार्यक्रम स्थल नजिकै रहेको यस बिद्यालयमा शौचालयमा नभई खुल्लामा पिसाब फर्ने काम विद्यार्थी र शिक्षक दुबैबाट हुन्छ यो सुधार गर्नुपर्ने हो कि होइन ? गाउँमा आएको धारा बिरतरणको काम आवश्यक्तामा आधारित नभएर

	मनोमानी भएको छ, यो किन ?
नेकपा एमालेका युवा नेता उमेश गुप्ता	आवाज उठाउन नसक्ने नागरिकका लागि यो सार्वजनीक सुनावाई भएको अनुभव भयो । गाउँपालिकाले दिने सेवा र सुविधाका बारेमा जाकारी दिने र त्यसको यर्थाथ स्थितिका बारेमा जानकारी पाउने थलो पनि हो । एक घर एक रोजगारीको अवधारणमा काम गर्न पालिकालाई सुझाव छ । उद्योगहरुमा नेपाली मजदुरले अवसर पाउने वतावरण बनाउन आवश्यक भएको देखिन्छ । यसप्रति गाउँपालिका नेतृत्वको ध्यानाकर्षण गराउन चाहन्छुँ । साढे चार वर्ष केही नगर्ने अनि चुनावको मिति घोषणा भएपछि राजनीतिक उदेश्य लिएर शिक्षक भर्नाको कम सुरु भएपछि त्यसमा बिरोध भएको थियो । बिरोध गर्नेहरु धन्यवादका पात्र हुन । अब प्रतिस्पर्धाको आधारमा योग्य युवालाई शिक्षकमा भर्ना गर्दा हुन्छ ।

६.२ सरोकारवालाको सम्बोधन

परवानीपुर गाउँपालिकाको वाड नम्बर ४ चैनपुर टोलमा आयोजित सार्वजनिक सुनुवाईमा सहभागि सर्वसधारणबाट प्राप्त सवाल, जिज्ञासा, सुझाव र सल्लाहहरु उपर जिम्मेवार सरोकावालाहरुको सम्बोधन निम्न अनुसार रह्यो ।

सम्बोधनकर्ता	**सम्बोधन**
रामक्षेत्री पटेल अध्यक्ष परवानीपुर गाउँपालिका	तपाईको इच्छा आकंक्षा सुनेर जवाफ दिदै छौ । यो हामीहरुको जिम्मेवारी पनि हो । यो सार्वजनीक महत्व धेरै नै छ ।मेरो गल्ती कमी कमजोरी भन्नुहोला म रिसाउछु भन्ने ठानेर तपाईले मेरा कमजोरी भन्नु भएन भने म तानाशाह बन्न सक्छु । तर म त सेवक बन्न आएको हु । म शासक होइन सेवक बन्ने हो । त्यसको लागि गुनसो गर्नुहोस । म संग त्यती सवाल त छैनन तर त्यसको पनि जवाफ दिन मैले आवश्यक ठानेको छु । नालाको निकास छैन । तर निकासको लागि त्याग हामीले कन्जुसी गर्दा निकास रोकिएको हो । मैले त्याग गर्दा नगर गाउँ समाज परिवारले निकास पाउछ भने त्याग गर्न जरुरी छ । म यही आशा गर्छु । ५४२ धारा जडानकोलागि टेण्डर भएको हो ठेकेदारको काम सन्तोषजनक नभएको पक्कै हो । जनताको पैसा फिर्ता नजाओस भनेर धारा जडानको काम गरेका हौ कमजोरी भएको पाइएमा त्यसमा

	सच्याउने काम गरिने छ । विवादले निकास दिदैन सदभाव र भाइचाराले निकास र बिकास दिन्छ । बाटो एकतर्फी भएपनि त्याहाको आवशयकताको आधारमा राम्रो गर्ने प्रयास गर्छौं । बाटो निकाल्नकालागि म सबैलाई आग्रह गर्छु सामाजिक प्राणीले सामाजिक रुपमा पनि सोच्नु पर्छ । बाटो निस्कदा जमिनको मूल्य बढ्छ त्यसैले कुण्ठीत नवनौ गाँठो नपारौ भन्ने आग्ह गर्दछु । ट्रिपर बिग्रेको छ चक्का छैन त्यसको मरमतकालागि हाम्रो ध्यान आकर्षित भएको छ । एम्बुलेन्स वडा नं १ को अधिनस्थ थियो अहिले कार्यालयमा ल्याएका छौ त्यसलाई पनि संचालन गर्ने प्रवन्ध मिलाउने छौ । जेसीवी संचालनमा नहर सफा भइरहेको छ । ट्रयाक्टर बजारलाई ह्याण्ड ओभर गर्ने सोचमा पनि छौ । अधुरा सडक पुरा गरिन्छ । मलखादको कुरा राष्ट्रीय समस्या हो । हाम्रो अधिकार क्षेत्र र बसमा यो बिषय पर्दैन तथापी बितरकले कही बदमासी गऱ्यो भने त्यसमा हामीले नियन्त्रण गर्न सक्छौ त्यो गर्न सकिन्छ । वितरणको वतावरण बनाउन काम गर्छौं । चैनपुरमा रहेको ३ बिगाह जमिनलाई राम्रो बनाउने सोच राखेका छौ यसकोलागि बिस्तृत अध्ययन गर्नु पर्छ होला त्यता हाम्रो ध्यान जाने छ । बेरोजगारी समस्या सामना गर्नु पर्छ । बिकृति र बिसंगतीको अन्त्यकालागि पनि युवाहरुलाई रोजगारीमा संलग्न गराउन आवश्यक छ त्यसकोलागि सबै उधोगीसंग रोजगारीका वतावरण बनाउनकालागि आवश्यक पहल लिइने छ । रामटोलमा एक साइड होइन दुबै तिर नाला बनाउछौ त्यसो गर्दा केही जमिन छोडनु पर्छ त्याहा पनि त्यागको आवश्यकता छ । त्यो भयो भने जनता तयार भए भने हामी हामी नाला बनाउन तयार छौ । नेपाल राष्ट्रिय आधारभूत बिद्यालयमा केही दरवन्दी आवशयक होला त्यो पुरा गरिन्छ तर बिद्यालयको साख बढाउने काममा शिक्षकहरुको ध्यान जाओस । राम्रो बिद्यालयको रुपमा स्थापित हुनकालागि हाम्रो तर्फबाट चाहिने सहयोग दिन तयार छु । तर बिद्यालयलाई नमुना बनाउने माबि सम्म चलाउन सक्ने पूवाधार छ त्यसलाई सही सदुपयोग गर्ने वतावरण बनाउन म बिद्यालय प्रशासनलाई नै अपिल गर्दछु । त्रिशक्ति सिमेन्ट उधोगले दिने रकमबाट रिक्त रहेको ठाउमा यही गाउँका पढेलेखेका युवा लाई नियुक्ति दिन समेत प्रअ सरलाई आग्रह

	गर्दछु । स्वास्थ्यका बिषयमा मेरो त्यती ज्ञान छैन । त्यो बृहत र प्राविधिक विषय हो । स्वास्थ्य सेवाका लागि हाम्रो शाखालाई जिम्मेवार बनाउछौ । स्वास्थ्यका बिषयमा शाखा प्रमुखलाई पनि गुजासो गर्न सकिन्छ । सबै ठाउमा गुनासो पेटिका राख्ने छौ । बहुवरीको समस्या हल गर्न हामीले प्रयास गरेका हौ । त्यो प्रयासलाई मैले जारी राख्ने छु र बिश्वास छ त्यो समस्याको हल निकालिने छ । दीवा खाजा बच्चामा पुग्नु पर्छ । पैसा बाँडेर कुनै लाभ बच्चालाई हुदैन । त्यसो गर्दा बिद्यालयमा बिद्यार्थीको आकर्षण बढाउने र उनीहरु पढछन भन्ने जे उद्धेश्य निर्धारण गरिएको छ त्यसको प्रतिकूल हुने भएकोले खाजा मापदण्ड अनुसार खुवाउन पर्छ बरु त्यसको लागि के प्रवन्ध गर्न आवश्यक हुन्छ त्यो मिलाइने छ । यो सार्वजनीक सुनवाईमा तपाईले राखेका सबै कुरा स्वागतयोग्य छन । तपाईले आफनो दायित्व सम्झिनुहोस र हामीलाई ऐना देखाइरहनु होस धन्यवाद ।
मुन्ना साह रौनीयार प्र. प्रशासकीय अधिकृत परवानीपुर गाउँपालिका	वडा न ३ को बजारमा भोली पनि सार्वजनीक सुनवाई छ । आउनकालागि सबैलाई अनुरोध छ । संघीयताको कार्यान्वयनको एउटा अवधी पार गरिएको छ । अहिले ९९ प्रतिशत नयाँ जनप्रतिनिधि आउनु भएको छ । यो सार्वजनीक सुनावाई नियमित रुपमा गर्नुपर्छ । त्यो गर्ने कुराको प्रतिवद्धता तपाईकावीचमा गर्दछु । यो भन्दा पछाडीकालागि निकै राम्रो पृष्ठपोषण आएको छ ।म सहयोगी नेपाललाई धन्यवाद दिन चहान्छु । उहाँहरुले गर्नेको सर्वेलाई स्वीकार गर्छु ।हामी त्यसमा सुधार गर्ने प्रतिवद्धता ब्यक्त गर्दछौ । धाराको बिषयमा कुरा उठ्यो । यो शर्शत अनुदानको बजेट हो काम नभए रकम फिर्ता जान्छ । धारा जडानको बिषयमा टेण्डर भएको छ । तर ठेकेदारले समयमा काम गरेन । केही ठाउमा जनप्रतिनिधिको समस्या केही ठाउमा जनताको समस्या रहेकोले का मगर्न नसकेको ठेकेदारको तर्क थयो । यद्दपी जाहा समस्या छैन त्यहा त जडान गर भनिए पनि ठेकेदार सम्बेदनशील नभएपछि एक पैसा पनि भूक्तानी नदिने निर्णय गरेका छौ । कालो सूचीमा राखेर कारवाही गर्ने धरौटी जफ्त गर्न तयार छौ । तथापी २० गते सम्म का मगर्ने मौका दिने काम गऱ्यौ । प्रमुख ज्यूले पनि पैसा फिर्ता जादा जनताले केही पाउदैनन बरु केही कोशीस गरौ

	भनेपनि धारा जडान गर्न लगाइएको हो । शिक्षक आपूर्तीमा संघ र प्रदेश सरकारमै समस्या रहेको छ । शिक्षक आपूर्तीकालागि हामीले समयमै भर्ना आवहान गरेका थियौ ।यद्धपी त्यो रोकिएको छ । त्यसलाई साउन महिनामा शुरु गरीने छ । र शिक्षकको आपूर्ती हुनेछ । शिक्षा प्रथामिकतमा छ । शिक्षमा देखिएका सबै समस्याको हल खेजिने छ । म २०७८ चैत १७ गते हाजीर भएको हु । पहिलो काम नै गुनासो पेटीका राखेर शुरु गरेको थियो । हरेक वडामा गुनासो पेटीका राख्ने निर्देशन भएको छ । यही वडा कार्यालयमा पनि छ । त्यो भित्र परेको छ त्यसलाई अलि बाहिर राख्नु पर्छ । हामीले ह्वाट्सअप, इमेल मार्फत पनि गुनसो र सुझाव दिन आम नागरिकलाई अहिल गरेका छौ। त्यसबाट आएको सूचना, गुनासो र सुझाव प्रति कारवाही गर्ने प्रतिवद्धता ब्यक्त गर्दछु । दिवा खाजा खुवाउने ब्यवस्थापन नभएर पनि हो । तर खाजा होइन दामासाही रकम माँगको कुरा समेत आयो । जसले समस्या ल्याएको छ । अहिले केही स्कूलमा शुरु भएको छ । तीन वटामा यो शुरु भएको छ । साउन बाट सबैका खाजा खुवाउने ब्यवस्था मिलाउछौ । तोकिएको मापदण्डमा खाजा खुवाउनु पर्छ । मापदण्ड अनुसारको नभए त्यसको भूक्तानी समेत दिइने छैन । सेफ्टी ट्याकी खरिदकालागि टेण्डर भएपनि कसैले टेण्डर नभरका कारण टंयाकी खरिद भएको छैन । साउनमा टंयाकी खरिदको प्रक्रिया अगाडि बढाइने छ । गाउँपालिकाको ट्रयाक्टर संचालनमा छ । ट्रिपर बिग्रेर थन्केको छ । जेसीवी राजस्व लिएर पालिका भरिमा बिकास प्रयोजनमा संचालन गर्न दिइएको छ । ट्रयाक्टर फोहर ब्यवस्थापनमा संचालीत छ कही पुगेको छैन भने सुचना पाउँ आज भोली नै त्यो ठाउमा ट्रयाक्टर पुग्ने ब्यवस्था मिलाउछु ।
गम्भीराराउत कुर्मी वडा अध्यक्ष परवानीपुर - ४	सार्वजनीक सुनावाइ कार्यक्रम नागरिकले जनप्रतिनिधिसंग आफ्नो कुरा राख्न पाउने महत्वपुर्ण रहेको पाएँ । हामी जितेका जनप्रतिनिधहरु मिलेर जनताका सवालहरुमा कम गर्ने छौं ।

दोस्रो

सार्वजनिक सुनुवाई

२०७९, असार २० सोमवार

स्थानः- परवानीपुर गाउँपालिका वडा नं. ३

आयोजक

परवानीपुर गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

बारा, मधेश प्रदेश

संयोजन

सहयोगी नेपाल

www.sahyogi.org.np

७. दोस्रो सार्वजनिक सुनुवाई,

बाराको परवानीपुर गाउँपालिका वार्ड नम्बर ३ लिपनी (परवानीपुर) बजारमा २०६९/०३/२० सोमवारका दिन दोस्रो सार्वजनिक सुनुवाई कार्याक्रम शौहादपुर्ण बातावरणमा सम्पन्न गरियो । यस गाउँपालिकाको आयोजनामा र सहयोगी नेपालको संयोजनमा वडा नं. ३ का वडा अध्यक्ष इब्राहिम मिया धोवीको अध्यक्षतामा र गाउँपालिका अध्यक्ष रामक्षत्री प्रसाद कुर्मिको प्रमुख आतिथ्यमा कार्यक्रम सम्पन्न भयो । सार्वजनिक सुनुवाई कार्यक्रममा परवानीपुर गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत मुन्ना साह रौनियार, नेकपा एमाले प्रदेश कमिटि सदस्यहरु उमेश गुप्ता, रामपाल यादव, परवानीपुर गाउँपालिका वडा नं. ४ का पूर्व वडाअध्यक्ष गजेन्द्र प्रसाद पटेल, वडा नं. २ का पूर्व वडा अध्यक्ष ईशवरी प्रसाद साह तेली, कार्यपालिका सदस्य जगदिश राम, स्थानीय यासिन मियाँ र भदई मिया लगायतको विशेष उपस्थिति रहेको थियो ।

सहयोगी नेपाल संस्थाको संयोजनमा भएको कार्यक्रममा नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य के.सी. लामिछानेले बहिर्गमन अभिमत र नागरिक प्रतिवेदन प्रस्तुत गर्नु भएको थियो । पत्रकार रितेश त्रिपाठीले कार्यक्रम सहजीकरण गर्नु भएको थियो । सार्वजनिक सुनुवाई कार्यक्रममा स्थानीय स्तरबाट व्यक्ति गरिएका राय सुझाव र गुनासाहरुको विषयमा प्रकाश पार्दै प्रमुख अतिथि

गाउँपालिका अध्यक्ष रामक्षत्री प्रसाद कुर्मीले वडावासीहरुले शिक्षा, स्वास्थ्य, खेलकुद, तथा बातावरणका विषयमा राखेका राय सुझाव तथा गुनासाहरुलाई आत्मसात गरेर सम्बोधन गर्दै जाने प्रतिबद्धता जनाउनु भएको थियो ।

कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत रौनियारले वडा वासीहरुबाट आएका महत्वपूर्ण राय सुझाव र गुनासाहरु सम्बन्धमा गाउँपालिकाले आवश्यक कदम चाल्ने बताउनु भयो । विद्यालयमा देखिएका समस्यालाई तत्कालै र अरु समस्याहरुलाई क्रमशः समाधान गर्दै जाने उहाँले बताउनु भयो । नेकपा एमाले प्रदेश कमिटि सदस्य उमेश गुप्ताले कृषि प्रधान देश भएता पनि कृषहरु नै रासायनिक मल लगायतका समस्याहरुबाट प्रताडित रहेकाले त्यसको समाधान हुनु पर्ने र सहज वातावरण कृषि जन्य उत्पादन गर्न प्रोत्साहन गर्नुपर्ने जोड दिनु भयो । खुल्ला छलफलमा स्थानीय जनता तथा नागरिक समाजको तर्फबाट १२ जनाले आफ्नो जिज्ञासा र सुझावहरु राखेका थिए ।

७.१ नगरिकका प्रतिक्रियाः

परवानीपुर गाउँपालिकाको वाड नम्बर ३ लिपनी बजारमा आयोजित सार्वजनिक सुनुवाईमा सहभागि सर्वसधारणबाट प्राप्त सवाल, जिज्ञासा, सुझाव र सल्लाहहरु निम्न अनुसार रहेका छन् ।

नाम	सवाल/जिज्ञासा/सुझाव/सल्लाह
प्रदीप महतो वडा नं ४	खेलकुदको प्रतियोगिताहरु भइराख्नु पर्छ मलाई लाग्छ । हाम्रो पालिकामा प्रतियोगिता किन संचालन नगरिएको हो ?
दिनेश साह स्वर्णकार वडा नं ३	परवानीपुर बजारमा राखिएको घुम्तीहरुका कारण आवागमनमा समस्या परेको छ । नाला अतिक्रमण गरेर बस्दा समेत त्यसलाई क्लियर गर्न ध्यान किन नगएको होला ?
हजारीलाल साह वडा नं ३	बिगतमा ठेकेदारले काम छाडेका छन त्यसको निर्माणका बिषयमा के हुन्छ ? बिधुत काटिएको छ । लेडसेडिङ भन्दा पनि बढता भयो लामखुट्टेले टोकेर हैरान पारेको छ जनाले सुख पाएनन यसमा ध्यान दिनु पर्‍यो ।
जगदीश साह वडा नं ३	अहिले भइरहेको धार जडानमा अनियमितता भएको छ त्यसमा किन अनुगमन नभएको हो ? शिक्षालयको र मन्दीरको संरक्षणमा ध्यान जान्छ की नाई ?
अरुण यादव वडा नं ३	बजार किन सफा नभएको हो ? नाला सूचारु किन नबनाएको ?दोकानको फोहर नालामा हालेर जाम गरिएको छ त्यसलाई कारवाही किन हुदैन ?
अर्जुन कुमार राह लिपनीमाल ४	भोज भगत माविमा बिद्यार्थी धेरै छन तर शिक्षकले पढाउदैनन इन्टरनेटको जडान छ शिक्षक त्यसैमा ब्यस्त हुन्छन । पिउने पानीको समस्या छ । साना भाई बैनीले पानी पिउन सक्दैनन बिद्यार्थीकोलागि सेक्सन बिभाजन गरेर अध्ययापन हुदैन किन होला ? त्यसै गरी रामटोलको फोहर ब्यवस्थापनमा किन ध्यान नगएको होला ?
भदै मिया हवारी वडा ३	अधुरो सडक पुरा गर्नु पर्छ । भोज भगत माविमा पढाईमा लापारवाही छ, यस विषयमा बाहिर कुरा गरेमा बिद्यार्थीलाई शिक्षकले कुट्ने धम्की दिने गरिएका सुनिएको छ । यदी शिक्षकले बिद्यार्थीलाई धम्की दिने र कुटने काम गरे भने शिक्षकलाई हामीले पनि कुटछौँ ।
सुनिल राम वडा नं ३	परवानीपुर गाउँपालिकामा सरकारी पद र बिभिन्न पेसा तथा ओह्दामा पुगेर उद्हारण कायम गर्नेहरुलाई उत्प्रेरणा जगाउनका लागि सम्मानको वतावरण बनाउन आवश्यक रहेको छ ।
ईश्वरी साह	पार्टीगत रुपमा काखापाखा नगर्न आग्रह ।सबै मिलेर काम गर्न सुझाव

निवर्तमान वडाध्यक्ष	ब्यक्त । नालाको निकास छैन यो देखेर पनि नदेखे जस्तो गर्नेहरुका कमजोरी कारण भएको हो । वडाध्यक्षमा मात्र हाइन जनतामा पनि समस्या छ यो हटाउनु पर्छ ।
गजेन्द्र पटेल निर्वतमान वडाध्यक्ष वडा नं ४	नेपाल राष्ट्रीय आधारभूत बिद्यालय चैनपुरमा शिक्षकको आवश्यकता छ । सार्वजनीक सम्पतीको संरक्षणमा ध्यान दिन आग्रह छ । एउटा क्याम्पस संचालन गर्ने गरी शिक्षा नीति बनाउन आवश्यक छ । शिक्षालाई पहिलो प्रथामिकतामा राख्न आवश्यक छ । सुरक्षाका लागि नगर प्रहरीको स्थापना पनि आवश्यक रहेको छ ।
उमेश गुप्ता युवा नेता नेकपा एमाले वडा नं ५	गाउँपालिकाले दिने सेवा सुविधाको बिषयमा नागरिकलाई जानकारी दिनकालागि प्रभावकारी संचार र जनचेतनाको कार्यक्रम संचालन गर्न आवश्यक छ । सार्वजनीक सुनवाई जसमा जनताले आफनो समस्या राख्छन सुझाव दिन्छन यसलाई वर्षमा ४ पटक संचालन गर्दा स्थानीय सरकारको प्रभावकारीता बढछ । मलखादको अभाव छ सहज रुपमा पाउनकालागि गाउँपालिकाले सहजीकरणको भूमिका निर्वाह गर्नु पर्छ । नेकपा एमालेको नेतृत्वमा रहेको सरकारले शिक्षामा बिशेष सुधार गर्नु पर्छ ।
रामपाल यादव प्रदेश सदस्य नेकपा एमाले	सरसफाईको लागि चेतना जगाउन मेयर, उप मेयर र प्रसाशकीय अधिकृतले आफै गएर कादालो र बेल्चा उठाउनु पर्छ । यसोगर्दा जनतामा जागरुकता आउछ । पालिकामा ६० बिगाह ऐलानी सार्वजनीक जग्गा छ त्यसको संरक्षण र त्यसमा बृक्षारोपण गरिनु पर्छ । भावी सन्ततीका लागि यो आवश्यक छ । आउने पाँच वर्षमा बिरुवालाई १२ फिटको बनाएर छाडछौँ भनी अठोट लिनु पर्छ । यहाँ जनताको सहयोगले बिगतमा विद्यालयलस्थापना भएको र अन्य सार्वजनिक महत्वका संरचना बनेको तथा कामहरु भएको उद्हारण छ । बिकासको कार्यलाई जनतासंग जोड्न सक्नु पर्दछ ।

७.२ सरोकारवालाको सम्बोधन

परवानीपुर गाउँपालिकाको वाड नम्बर ३ लिपनी बजार आयोजित सार्वजनिक सुनुवाईमा सहभागि सर्वसधारणबाट प्राप्त सवाल, जिज्ञासा, सुझाव र सल्लाहहरु उपर जिम्मेवार सरोकावालाहरुको सम्बोधन निम्न अनुसार रह्यो ।

सम्बोधनकर्ता	सम्बोधन
रामक्षेत्री पटेल अध्यक्ष परवानीपुर गाउँपालिका	तपाईको इच्छा आकंक्षा सुनेर जवाफ दिदैछौ । यो हामीहरुको जिम्मेवारी पनि हो । यो सार्वजनीक सुनवाईको महत्व धेरै नै छ । गुनासो राख्ने जनताको कर्तब्य हो सुन्ने मेरो दायित्व हो । सार्वजनीक सुनवाईबाट आएका सबै कुरालाई सम्बोधन गर्न तपाईहरु सामु म प्रतिवद्धता ब्यक्त गर्दछु । नालाको निकास छैन । तर निकासकोलागि त्याग हामीले कन्जुसी गर्दा निकास रोकिएको हो । मैले त्याग गर्दा नगर गाउँ समाज परिवारले निकास पाउछ भने त्याग गर्न जरुरी छ । म यही आशा गर्छु । ५४२ धारा जडानको लागि टेण्डर भएको हो ठेकेदारको काम सन्तोषजनक नभएको पक्कै हो । जनताको पैसा फिर्ता नजाओस भनेर धारा जडानको काम गरेका हौ कमजोरी भएको पाइएमा त्यसमा सच्याउने काम गरिने छ । विवादले निकास दिदैन सदभाव र भाइचाराले निकास र बिकास दिन्छ । ठेकेदारले काम छाडेर भाग्नुमा हामी पनि कही जिम्मेवार छौ की हेर्न जरुरी छ । ठेकेदारको खोजी गरेर अधुरो कामलाई पुरा गराउन पहल गरीन्छ त्यसकोलागि जनताको सहयोग पनि उतिकै आवश्यक छ । स्थानीय सरकार अर्न्तगत नागरिकले पाउने हरेक सेवा र सुविधा दिन हामी कटिवद्ध छौ । हरेक वडामा वडाध्यक्षको संलगन्तामा खेल सामाग्री बितरण गरिनेछ । पालिका स्तरीय टिमकालागि छनौट प्रतियोगिता गरिने छ र एउटा टिम बनाइने छ । बजारको ब्यवस्थापनकोलागि डिपिआर समेत बनाएका थियौ । बजारलाई सुधार गर्ने कुरालाई प्रथामिकतामै राखेका छौ । यति गर्न त्यागको भावनाको बिकास हुन जरुरी छ । भोज भगत माविलाई नमुना बिद्यालयको रुपमा बिकास गर्ने नीति लिएका छौ ।शिक्षक आपूर्ती पानीको अभावको अन्त्य र भवन निर्माणका कामलाई अगाडि बढाउछौ ।, बिकास हाम्रो भन्ने ठाने त्यसको संरक्षण पनि शुरु हुन्छ । बजारको ब्यवस्थापनकालागि नागरिक समाज हारे जितेका सबै जनताका प्रतिनिधिमा मिलेर काम गर्न र बजारलाई सुन्दर राम्रो बनाउन सबैलाई गाउँपालिकाको पहलकदमीमा साथ दिन आग्रह गर्दछु । धन्यवाद
	खेलकुदलाई यस पटक नीति तथा कार्यक्रममै समावेश गरिएको छ । खेल

	स्टेडियम र हरेक वाडमा फन पार्कको अवधारणा अगाडि सारिएको छ । शिक्षक आपूर्तीमा संघ र प्रदेश सरकारमै समस्या रहेको छ । शिक्षक आपूर्तीकालागि साउन महिनामा प्रक्रिया शुरु गरीने छ स्थायी पनि आउछन । र शिक्षकको आपूर्ती हुनेछ । शिक्षा प्रथामिकतमा छ । शिक्षमा देखिएका सबै समस्याको हल खेजिने छ । हामीले ह्वाट्सअप, इमेल मार्फत पनि गुनसो र सुझाव दिन आम नागरिकलाई अहिल गरेका छौ। त्यसबाट आएको सूचना, गुनासो र सुझाव प्रति कारवाही गर्ने प्रतिवद्धता व्यक्त गर्दछु । गाउपालिका भवनको छत ढलान भएको देख्नु भएकै छ । यसको अरुकाम तोकिउको समयमा गुणत्मक रुपमा सम्पन्न भएन भने त्यो ठेकदारलाई कानूनी प्रक्रियाको आधारमा कारवाही गर्ने कुरा यहाहरुलाई बताउछु । भोज भगत माविमा बिद्यार्थीलाई धम्की दिएको कुरा आयो यो किठ होइन । यो कार्यक्रम सकिने बित्तिकै हाम्रो शिक्षा शाखा प्रमुख सहितको टोली बिद्यलायमा पुगेर यो बिषयमा कुरा गर्ने छानवीन गर्ने र यस्तै भएको पाइएमा कारवाही गर्ने बिश्वास दिलाउछु । युवाहरुलाई उत्प्रेरणा जागोस भन्नकालागि सम्मान कार्यक्रमको राखिने छ । जन चेतना जगाउन र जनसहभागितालाइ बढाउन ध्यान दिन्छौ । गाउँपालिकाको काममा कार्यालय समय भनेर बस्दैनौ आफनो दात्वि सम्झेर जुन सुखै वखत पनि क्रियाशिल हुन्छौ ।सेवा प्रवाह राम्रो गर्छौं । नगरप्रहरीको व्यवस्थापनकालागि कार्यविधि तयार भएको छ । गाउँसभाले पारित गरे पछि नगर प्रहरीको भर्ना प्रक्रिया अगाडि बढछ ।सार्वजनीक सुनवाई बाट आएका सबै कुरालाई सम्बोधन गर्न तपाईहरु सामु म प्रतिवद्धता व्यक्त गर्दछु । धन्यवाद
मुन्ना साह रौनीयार प्रमुख प्रशासकी अधिकृत परवानीपुर गाउँपालिका	
जगदीश राम कार्यपालिका सदस्य	नाला माथि नाध र माटो राख्नाले नाला जाम भएको छ । नाला माथि घुम्ती छ । यस्तो अतिक्रमण बन्द गरिनु पर्छ । बजारमा ब्यवसाय गर्नेलाई डस्टबिन दिन्छौ र फोहर त्यसैमा राख्न आग्रह गर्छौं हामीले काम गर्न चाहि रहेका छौं । जनताले पनि साथ दिनु पर्छ
इब्राहिम मियाँ धोबी वडाध्यक्ष परवानीपुर ३	सार्वजनिक सुनुवाई जस्तो महत्वपुर्ण कार्यक्रमलाई सफल बनाउन भूमिका गर्नु भएको उपस्थित सबैलाई धन्यवाद दिन चाहन्छँ । हामी जनताको सल्लाह सुझाव लिएर अगाडि बढ्न प्रतिबद्ध छौं ।

अनुसूची-१

पान नं. २०१२५११९३
कार्यालय कोड:- ८०२२१५०४३००

परवानीपुर गाउँपालिका

मो. ९८५५०४८५६५

गाउँ कार्यपालिकाको कार्यालय

लिपनीमाल, बारा

मधेश प्रदेश, नेपाल

पत्र संख्या:- २०७८/०७९
चलानी:- सूचना

मिति:- २०७९।०३।१६

परवानीपुर गाउँपालिकाको सार्वजनिक सुनुवाई सम्बन्धी सूचना

यस पारवानीपुर गाउँपालिका, गाउँ कार्यपालिकाको कर्यालय, बाराको आयोजनामा र सहयोगी नेपाल संस्थाको सहजिकरणमा निम्न मिति, समय र स्थानमा हुन गइरहेको सार्वजनिक सुनुवाईमा सहभागि भई जनप्रतिनिधि, पालिकामा सेवारत कर्मचारी वर्ग र सरोकावालाहरुसंग जनसरोकारका गुनासा, जिज्ञासा, सुझाव र सल्लाहहरु राख्दै कार्यक्रम सफल बनाउन सम्पुर्ण गाउँपालिकाबासीमा जानकारीका लागि यो सार्वजनिक सूचना जारी गरिएको व्योहोरा अनुरोध छ।

निम्न:

१. पहिलो कार्यक्रम

मिति: २०६९/०३/१९ आइतवार

समय: बिहान ८ बजेदेखि

स्थान: वडा नं. ४ को वडा कार्यालय अगाडि चैनपुर।

२. दोस्रो कार्यक्रम

मिति: २०६९/०३/२० सोमवार

समय: बिहान ८ बजेदेखि

स्थान: वडा नं. ३ को वडा कार्यालय नजिक बजारमा

०६९/०३/१९.
मुन्ना साह रौनियार
प्रमुख प्रशासकीय अधिकृत

फोन नं. ०५१-४१०१६३, ०५१-४१०१८८, मो. ९८५५०४८५६५
website:parwanipurmun.gov.np, info@parwanipurmun.gov.np, parwanipurgaupalika@gmail.com

अनुसूची-२

पान नं. २०१२५११९३
कार्यालय कोड:- ८०२२१५०४३००

परवानीपुर गाउँपालिका

मो. ९८५५०४८५६५

गाउँ कार्यपालिकाको कार्यालय

...नीमाल, बारा

मधेश प्रदेश, नेपाल

पत्र संख्या:- २०७८/०७९
चलानी:- सूचना

मिति:- २०७९।०३।१६

विषय: परवानीपुर गाउँपालिकाको सार्वजनिक सुनुवाई सम्बन्धमा ।

श्री वडा अध्यक्ष एवं कार्यपालिका सदस्यज्युहरु,

यस पारवानीपुर गाउँपीलिका, गाउँ कार्यपालिकाको कर्यालय, बाराको आयोजनामा र सहयोगी नेपाल संस्थाको सहजिकरणमा निम्न मिति, समय र स्थानमा हुन गइरहेको सार्वजनिक सुनुवाईमा अतिथीको रुपमा सहभागि भइदिनु हुन हार्दिक अनुरोध छ ।

निम्न:

१. पहिलो कार्यक्रम

मिति: २०६९/०३/१९ आइतवार

समय: बिहान ८ बजेदेखि

स्थान: वडा नं. ४ को वडा कार्यालय अगाडि चैनपुर ।

२. दोस्रो कार्यक्रम

मिति: २०६९/०३/२० सोमवार

समय: बिहान ८ बजेदेखि

स्थान: वडा नं. ३ को वडाव कार्यालय नजिक बजारमा

०६९/०३/१६

मुन्ना साह रौनियार
प्रमुख प्रशासकीय अधिकृत

फोन नं. ०५१-४१०१६३, ०५१-४१०१८८, मो. ९८५५०४८५६५
website:parwanipurmun.gov.np, info@parwanipurmun.gov.np, parwanipurgaupalika@gmail.com

पान नं. २०१२५११९३
कार्यालय कोड:- ८०२२१५०४३००
पर्वानीपुर गाउँपालिका
मो. ९८५५०४८५६५
गाउँ कार्यपालिकाको कार्यालय
मधेश प्रदेश, नेपाल

सार्वजनिक सुनुवाई कार्यक्रमको स्वरुप

पहिलो सत्र

क) **अध्यक्षता:** सम्बन्धीत वडाका अध्यक्षज्युबाट अध्यक्षता ग्रहण तथा कार्यक्रम शुरु ।

ख) **आतिथ्य:** गाउँपालिका प्रमुखज्यु प्रमुख अतिथी, उपप्रमुख विशिष्ठ अतिथी र वडा अध्यक्ष एवं कार्यपालिका सदस्यज्युहरु तथा निर्वाचित जनप्रतिनिधज्युहरु र अन्य आमन्त्रित विशिष्ठ व्यक्तित्व गण अतिथी रहने ।

ग) **अन्य आसन ग्रहण:** आयोजक कार्यालय कर्मचारी तथा मातहतका निकायका प्रतिनिधिज्युहरु पनि अतिथीको रुपमा आमन्त्रित भई आसन ग्रहण गर्ने ।

घ) **उद्घाटन:** राष्ट्रगानबाट कार्यक्रम उद्घाटन हुने ।

ङ) **प्रारम्भ:** कार्यक्रमको उद्देश्य माथि प्रकाश पार्ने र आचारसंहिता वाचन गर्ने ।

च) **प्रस्तुतिकरण:** १. नागरिक प्रतिवेदनको नतिजा प्रस्तुती गर्ने ।

२. बहिर्गमन अभिमतको नतिजा प्रस्तुती गर्ने ।

दोस्रो सत्र

छ) **सुनुवाई:** १. खुल्ला छलफल गर्दै प्रतिवेदन र अन्य सरोकाका विषयमा सहभागिहरुबाट लिखित तथा मौखिक प्रश्नहरू संकलन गर्ने ।

ज) **सम्बोधन:** २. सहभागिहरुबाट राखिएका विषयहरुमा स्थानीय तहका जिम्मेवार पदाधिकारीहरूले सम्बोधन गर्ने र स्पष्ट पार्ने

३. स्पष्टतापछि थप जिज्ञासा र सुझाव माग गर्ने ।

४. सम्बन्धित पदाधिकारीबाट थप जिज्ञासामा स्पष्टता ल्याउने ।

ट) **समापन:** मन्तव्य व्यक्त, धन्यवाद ज्ञापन र कार्यक्रम समापनन गर्ने ।

ठ) **प्रतिवेदन:** कार्यक्रमपछि सहजकर्ता संस्थाले प्रतिवेदन यस पारवानीपुर गाउँपालिकाको कर्यालयमा अध्यावधिक राख्न पेस गर्ने र वेवसाइटमा सार्वजनिक गर्ने ।

०६३/२/१९.

मुन्ना साह रौनियार
प्रमुख प्रशासकीय अ

फोन नं. ०५१-४१०१६३, ०५१-४१०१८८, मो. ९८५५०४८५६५
website:parwanipurmun.gov.np, info@parwanipurmun.gov.np, parwanipurgaupalika@gmail.com

मिडिया कभरेज

कालिका टाईम्स
kalikatimes.com

परवानीपुर गाउँपालीकामा सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न

by **कालिका टाईम्स**१९ असार २०७९ २३:२८0

वीरगंज । बाराको परवानीपुर गाउँपालीका वडा नं ४ चैनपुर टोलमा आइतबार सार्वजनिक सुनुवाई कार्यक्रम समपन्न भएको छ । परवानीपुर गाउँपालीकाको आयोजना र सहयोगी नेपालको सहजीकरणमा कार्यक्रम समपन्न भएको हो ।

कार्यक्रममा वडा नं ४ र ५ का स्थानीयहरुले नव र्निवाचित जनप्रतिनिधिलाई आ आफ्नाे गुनासो राखेका थिए । खासगरी स्थानीले किसानको लागी मल, खाद, स्वास्थ्य, शिक्षा, बेरोजगारी, सरसफाई, खेलकुद, सडक, नाला लगायतका आधारभुत समस्यालाई उठाएका थिए ।

स्थानीयहरुको अनुसार बिगत पाँच वर्ष भित्रमा यस पालीकाले खासै राम्रो र जनमुखी काम गर्न नसकेको र जनताको आधारभुत आवश्यक्ता पुरा गर्न नसकेको आरोप लगाएका थिए । उनीहरुले निर्वाचित जनप्रतिनिधीलाई निर्वाचनमा गरिएका वाचाहरुलाई पुरा गर्न र जनतामुखी काम गर्न आग्रह गरेका थिए ।

जनताको गुनासोलाई आत्मसात गर्दै गाउँपालीका प्रमुख रामक्षत्री प्रसाद पटेलले आफु जनताकाे सेवकको रुपमा काम गर्दै आएको र आफुले निर्वाचनमा वाचा गरेका कुराहरु पुरा गरेर देखाउने प्रतिबद्धता जनाए । कार्यक्रमका प्रमुख अतिथी समेत रहेका मेयर क्षेत्रीले यहा उठेका जन गुनासोलाई आफनो टिमले पुरा गरेर देखाउने बताए । उनले बार्यक्रममा भाग लिएका वडा नं. ४ र ५ का स्थानीयलाई आफनो गुनासो राखिदिएकोमा धन्यबाद दिए ।

यसैगरी पालीकाका प्रमुख प्रशासकिय अधिकृत मुन्ना साह रौनीयारले यस्ता कार्यक्रमहरु हरेक वडामा आयोजना गरिने बताए । उनले आजको कार्यक्रममा उठेका बिषयलाई सुधार गर्दै गाउँपालीकाको बिकास गर्ने बताए ।

यसैगरी नेकपा एमालेका मधेश प्रदेश कमिटी सदस्य उमेश गुप्ताले गाउँपालिकाले आयाेजना गरेकाे सार्वजनिक सुनवाई कार्यक्रम एकदमै सराहनीय रहेको र यस पालिकाको हरेक जनता धेरै पीडित रहेको हुनाले यस्ता कार्यक्रमबाट यहाँको जनप्रतिनिधि र प्रमुख राजनीतिक दलले धेरै कुरा सिक्ने बताए ।

उनले यस कार्यक्रममा उठेका प्रश्ननहरु जायज भएको र यसमा आफ्नो पनि समर्थन रहेको बताए । यसका साथै उनले सबै मिलेर यस पालिकाको शिक्षा, स्वास्थ, रोजगारी लगायतका समस्यालाई समाधान गर्नुपर्ने कुरामा जोड दिए ।

वडा नं. ४ का वडाध्यक्ष गम्भीरा प्रसाद कुर्मीको अध्यक्षतामा भएकाे कार्यक्रममा उप प्रमुख सुगान्धी देवी कनुइन, वडा नं. ५ का वडाध्यक्ष रामेश्वर प्रसाद कलवार, वडा सदस्य दारा सिंह पटेल, कार्यपालीका सदस्य, पालीकाका कर्मचारी लगायत स्थानीहरुको सहभागिता रहेको थियो । कार्यक्रमकाे सहजीकरण सहयोगी नेपालका केसी लामीछाने, रितेश त्रीपाठीले गरेका थिए ।

विश्वसनीय भरपर्दो सूचना, समाचार र मनोरञ्जनको निम्ति समानता र विश्वासको आधारआवाज एफएम ८८ मेगाहर्ज सुनौ । साथै हाम्रो वेबसाइड www.janbhandaphor.com लगअन गरी संसारभर सुन्न र पढ्न सक्नु हुनेछ ।

स्वतन्त्र एवं निष्पक्ष समाचारको साप्ताहिक

जन भण्डाफोर दैनिक

JAN BHANDAPHOR DAILY

२३ जनामा कोरोना संक्रमण

काठमाडौं, १९ असार/ पछिल्लो २४ घण्टामा थप २३ जनामा कोरोना भाइरस संक्रमण पुष्टि भएको छ भने को मृत्यु भएको छैन । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार १ हजार ११६ जनाको पीसीआर परीक्षणमा २१ जना र १४८ जनाको एन्टीजेन परीक्षणमा १ जना गरी २३ जनामा संक्रमण

बाँकी तीनौं पृष्ठमा

वर्ष: १६ अंक : २९१ वि.सं. २०७९ असार २० गते सोमबार 4, 2022 Monday, July पृष्ठ संख्या : ४ मूल्य ५ रुपैयाँ

वीरगञ्ज महानगरपालिकाद्वारा श्वेतपत्र जारी

महानगर भित्रका सबै बेथितीहरु सुधार गरेर देखाउँछु : सिंह

वीरगञ्ज, १९ असार/ वीरगञ्ज महानगरपालिकाले विगतको नेतृत्वले गरेका कामहरु सम्बेटेर महानगरको वर्तमान अवस्थाका बारेमा श्वेतपत्र जारी गरेको छ । आइतबार महानगरको सभाकक्षमा पत्रकार सम्मेलन गै गरेर सबधिवाँचित मेयर राजेशमान सिंहले श्वेतपत्र जारी गरेका हुन् । जारी श्वेतपत्रमा महानगरपालिकाको दक्षजधिको नेतृत्वले महानगरमा गरेका भौतिक र सामाजिक क्षेत्रमा गरेका कामहरु ती कामका खर्च सहितका कुराहरु समेटिएका छन् । यसै श्वेतपत्रमा महानगरको वर्तमान भौतिक पूर्वाधार, आर्थिक, शिक्षा र स्वास्थ्य क्षेत्रको अवस्था बारे पनि जानकारी गराइएको छ । श्वेतपत्र जारी गर्दै सबधिवाँचित मेयर सिंहले विगतको नेतृत्वले महानगरमा निर्माण तथा सञ्चालनका गरेका

भौतिक पूर्वाधार र योजनाहरु निर्माण सम्पन्न भई सञ्चालनमा आएको एक दुई वर्ष नबित्दै जीर्ण अवस्थामा पुगेको अवस्था रहेको बताए । भौतिक पूर्वाधार र योजना निर्माणमा बजेट खर्च गरिएको तर खर्च भएको बजेट अनुसार गुणस्तरीय कामहरु भने नभएको बताएको सिंहले बताए । सञ्चालनमा ल्याइएका र सञ्चालनमा रहेकाहरुमै जीर्ण भएका भौतिक पूर्वाधारहरुको अवस्था बारे नगरबासीलाई जानकारी दिँदै त्यसको सुधार र गर्नुपर्ने काम गर्न आङ्ग माथि प्रश्न उठ्ने भएकाले श्वेतपत्र जारी गरेर जनतालाई जानकारी गराउनु परेको उनले बताए । मेयर सिंहले भने हामी निर्वाचित भएर आएपछि महानगरमा अहिले जे जति बेथिती देखिएका छन्, ती सबै सुधार हुन्छ, यदि हामीले राम्रो काम गरिरहेका छौं भने कर्मचारीले पनि हामीलाई साथ दिनुपर्ने आवश्यक छ । आइतबार जारी श्वेतपत्रमा समावेशियको नेतृत्वको कार्यकालमा सडक कालोपत्रे, भूमीगत ढल तथा साना, मध्य आकारका टर्मिनल, फोहोर पानी प्रशोधन केन्द्र, आपतकालीन फोहोर प्रशोधन केन्द्र लगायतका सबै हुना परियोजनाका गुणस्तरहीन निर्माण कार्य गरिएको उल्लेख छ । यसै उजागरी वीरगञ्जमा पनि अभिवधितता भएको भन्दै श्वेतपत्रमा महानगरका सार्वजनिक

बाँकी तीनौं पृष्ठमा

१० बुंदे माँग सहित नेवि संघद्वारा प्रजिअलाई ज्ञापनपत्र

आनन्द घर्तान
वीरगञ्ज, १९ असार/ वीरगञ्ज महानगरपालिका भित्रका सडकहरु तत्काल मर्मत गरी यातायात सहज बनाउन माग गरिएको छ । नेपाल विद्यार्थी सङ्घ नेविसंघ वीरगञ्ज महानगर समितिले आज प्रमुख जिल्ला अधिकारी समक्ष १० बुंदे माग सहितको ज्ञापनपत्र बुझाएको छ । नेविसंघ वीरगञ्ज महानगर समितिका सभापति सुरज कुमार पोखरेलको नेतृत्वमा आज बिहान ११ बजे जिल्ला प्रशासन कार्यालय पुगेर प्रजिअ कार्यालय प्रमुख अधिकृत सुरेन्द्र पाण्डेलाई ज्ञापनपत्र बुझाएको हो । सडक कार्यालय अध्यक्ष विनोद कुमार पोखरेलको अध्यक्षतामा आयोजित

बाँकी तीनौं पृष्ठमा

एमालेले सातै प्रदेशमा खटायो वरिष्ठ उपाध्यक्ष र उपाध्यक्ष

काठमाडौं, १९ असार/ नेकपा एमालेले प्रदेश र जिल्ला स्तरमा कार्यकर्ता प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने भएको छ । आइतबार बसेको पार्टीको सचिवालय बैठकले सातै प्रदेश र जिल्लास्तरमा कार्यकर्ता प्रशिक्षण, निर्वाचन तयारीलगायतको काम गर्ने निर्णय गर्दै उपाध्यक्षहरुलाई प्रदेशमा खटाएको छ । एमाले उपमहासचिव तथा प्रचार विभाग प्रमुख पृथ्वी सुब्बा गुरुङ्गका अनुसार प्रदेश १ मा वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल, मधेशमा उपाध्यक्ष सुरेन्द्र पाण्डे, बागमतीमा विष्णु पौडेल, गण्डकीमा अष्टलक्ष्मी शाक्य, लुम्बिनीमा सुवासचन्द्र नेम्वाङ, कर्णालीमा रामबहादुर थापा र सुदूरपश्चिममा युवराज ज्ञवालीलाई संयोजकको जिम्मेवारी तोकिएको छ । उनीहरुले आगामी निर्वाचनको तयारी, जनप्रतिनिधिको क्षमता सुदृढीकरण, महासी निम्नस्तरमा सरकारलाई प्रभाव दिने, विपक्षमा पार्टीको स्वच्छवेकी संगठनलाई तयारी अवस्थामा राख्न लिदेशन दिने, प्रदेश र जिल्ला सतरमा हुने प्रशिक्षण कार्यक्रमको संयोजन गर्ने गुरुङ्गले बताए । अन्नपूर्ण खबर

पारवानीपुरमा सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न

आनन्द घर्तान
वीरगञ्ज, १९ असार/ वीरगञ्जको पारवानीपुर नगरपालिका वडा नं ४ पैलपुर टोलमा आज सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न भएको छ । पारवानीपुर नगरपालिकाको आयोजना र सहयोगी संस्थाको सहजीकरणमा कार्यक्रम सम्पन्न भएको हो । कार्यक्रममा वडा नं ४ र ५ का स्थानीयहरुले वडा निर्वाचित जनप्रतिनिधिलाई आ-आफ्नो गुनासो राखेका थिए । जानकारी स्थानीय किसानको लागि खाद्य, स्वास्थ्य, शिक्षा, बेरोजगारी, खरखजाई, फोक्सुल सडक, बाला नगरपालिका आधारभूत समस्यालाई उठाएका थिए ।

स्थानीयहरुको अनुसार विगत पाँच वर्ष यता नगरपालिकाले खाली राम्रो र जनमुखी काम गर्न सकेको र जनताको आधारभूत आवश्यकता पुरा गर्न सकेको आरोप लगाएका थिए । उनीहरुले निर्वाचित जनप्रतिनिधिलाई निर्वाचनमा गरिएका वाचाहरुलाई पुरा गर्न र जनमुखी काम गर्न आग्रह गरेका थिए । जनताको गुनासोलाई आत्मसात गर्दै नगरपालिका प्रमुख रामप्रसाद प्रसाद

बाँकी तीनौं पृष्ठमा

हार्दिक श्रद्धाञ्जली

स्व. श्री कृष्ण कुमार यादव (सन्त) ज्यू

वीरगञ्ज महानगरपालिका वडा नम्बर ७ बाट निर्वाचित वडा सभा सदस्य प्रथम सिञ्च श्री कृष्ण कुमार यादव (सन्त) ज्यूको अकालमृत्यु स्वर्गारोहण भएको आज ९३ औं दिनको पुण्यतिथिका दिवंगत आत्मामा चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

यस दुःखद घडीमा शोकाकुल परिवारजनलाई धैर्यधारण गर्ने शक्ति प्रदान होस् भन्ने इश्वरसँग कामना गर्दै हार्दिक समवेदना प्रकट गर्दछु ।

राजेशमान सिंह
प्रमुख
वीरगञ्ज महानगरपालिका

अक्षर दैनिक https://www.akshardainik.com/2022/07/82558/

परवानीपुरमा सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न

२०असार २०७९, बुधबार ०९:२६

देश, प्रदेश २, समाज

परवानीपुर, २० असार । बाराको परवानीपुर गाउँपालिकाको आयोजनामा र सहयोगी नेपालको संयोजनमा सोमबार (२० गते) परवानीपुर बजारमा सार्वजनिक सुनुवाई कार्यक्रम शौहार्दपूर्ण वातावरणमा सम्पन्न भएको छ। परवानीपुर गाउँपालिका वडा नं.-३ का वडा अध्यक्ष इब्राहिम मिया धोवीको अध्यक्षतामा र गाउँपालिका अध्यक्ष रामक्षत्री प्रसाद कुर्मिको प्रमुख आतिथ्यमा कार्यक्रम सम्पन्न भएको हो।

सार्वजनिक सुनुवाई कार्यक्रममा परवानीपुर गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत मुन्ना साह रौनियार, नेकपा एमाले प्रदेश कमिटि सदस्यहरु उमेश गुप्ता, रामपाल यादव, परवानीपुर गाउँपालिका वडा नं. ४ का पूर्व वडाअध्यक्ष गजेन्द्र प्रसाद पटेल, वडा नं. २ का पूर्व वडा अध्यक्ष ईशवरी प्रसाद साह तेली, कार्यपालिका सदस्य जगदिश राम, स्थानीय यासिन मियाँ र भदई मिया लगायतको विशेष उपस्थिति रहेको थियो। कार्यक्रमको संयोजन सहयोगी नेपालका अभियान्ता पत्रकार द्वय के.सी. लामिछाने र रितेश त्रिपाठीले गर्नुभएको थियो।

सार्वजनिक सुनुवाई कार्यक्रममा स्थानीय स्तरबाट व्यक्ति गरिएका राय सुझाव र गुनासाहरुको विषयमा प्रकाश पार्दै प्रमुख अतिथि गाउँपालिका अध्यक्ष रामक्षत्री प्रसाद कुर्मीले वडावासीहरुले शिक्षा, स्वास्थ्य, खेलकुद, तथा वातावरणका विषयमा राखेका राय सुझाव तथा गुनासाहरु प्रति आफुहरु सचेत रहेकोले सम्बोधन गर्दै जाने प्रतिबद्धता जनाउनु भएको थियो। समस्याहरु प्रतिः “हामी सचेत छौ, बुझेका पनि छौ र सम्बोधन गर्दै जाने छौं”, बताउनुभएको थियो। कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत रौनियारले वडा वासीहरुबाट आएका महत्वपूर्ण राय सुझाव र गुनासाहरु सम्बन्धि टिपोर्ट सुनाउँदै केही समस्याहरु जस्तै शिक्षा सम्बन्धिलाई हामी तत्कालै र अरु समस्याहरुलाई पनि विस्तारै समाधान गर्दै जाने बताउनु भयो ।

नेकपा एमाले प्रदेश कमिटि सदस्य उमेश गुप्ताले कृषि प्रधान देश भएता पनि कृषहरु नै रासायनिक मल लगायतका समस्याहरुबाट प्रताडित रहेकाले त्यसको समाधान हुनु पर्ने र सहज वातावरण कृषि जन्य उत्पादन गर्न प्रोत्साहन गर्नुपर्ने जोडदार माग गर्नुभएको थियो। अर्का प्रदेश कमिटि सदस्य रामपाल यादव स्थानीय समसामायिक विषयमा आफ्नो राय सुझाव प्रस्तुत गर्नुभयो।

कार्यक्रममा परवानीपुर गाउँपालिका वडा नं. ४ का पूर्व वडाअध्यक्ष गजेन्द्र प्रसाद पटेलले पनि स्थानीय स्तरबाट शिक्षा, स्वास्थ्य, खेलकुद तथा धर्म सांस्कार, संस्कृतिकलाई सभ्य र भव्य बनाउन स्थानीय सरकार सधैं तत्पर रहनु पर्ने धारणा व्यक्त गर्नुभएको थियो।यस्तै कार्यक्रम यसअघि १९ गते परवानीपुर गाउँपालिका वडा नं. ४ चैनपुरवितार्काको वडा कार्यालय अगाडी आयोजना गरिएको थियो।